# प्रदेश सभा

## गण्डकी प्रदेश
## चौथो अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## (उन्चालिसौं बैठक)
## मिति : २०७६/०६/१३ गते, दिनको १.०० बजे

प्रदेश सभाको चौथो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा सोमबार दिनको १ बजेर २६ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्बप्रथम, माननीय प्रदेश सभा सदस्य श्री डोबाटे विश्वकर्माले विशेष समय माग गर्नुभएको हुँदा आफ्नो भनाई राख्न समय उपलब्ध गराउँछु । समय पाँच मिनेट।

### माननीय सदस्य श्री डोबाटे विश्वकर्मा

सभामुख महोदय, प्रदेश सरकार र यो सदनलाई ध्यान आकर्षण गराउँन चाहन्छु । सभामुख महोदय, हामीले यो देशमा हाम्रो आफ्ना विचारहरु स्वतन्त्रहरु हिडडुल गर्न देखि विभिन्न खालका अवस्थाहरुलाई दुःख दिएको कारणले हामीले राणाहरुका गतिविधिलाई ढाल्यौँ पञ्चायतलाई फाल्यौँ राजतन्त्र हटायौँ र हामी सम्पूर्ण राजनीतिक दलहरुको सहमति र सहकार्यमा हामीले २०७२ को संविधान जारी गर्‍यौँ र यो संविधानको धारा१७ ले स्वतन्त्रताको हक भनेको छ सबै नेपाली नागरिक भेला हुन पाउँने सभा सम्मेलन गर्न पाउँने हिडडुल गर्न पाउँने र पेशा व्यवसाय र अधिराज्यभरीको सबै ठाउँमा जान पाउँने स्वतन्त्र रुपबाट हिडडुल गर्न पाउँने भन्ने संविधानको धारा१७ को स्वतन्त्रताको हकले व्यवस्था गरेको छ । सभामुख महोदय, तर म यहाँ सरकारको र सदनको ध्यान आकर्षण गराउँन चाहन्छु । २०७६ साल आश्विन १२ गते रिसीङ गाउँपालिकाको भवन शिलान्यास गर्ने कार्यक्रमको सन्दर्भमा दिनको १ बजे हाम्रा पार्टीका केन्द्रीय सदस्य पूर्व मन्त्री माननीय सांसद मिनेन्द्र रिजाल माननीय सांसद ध्रुब वाग्ले पार्टि सभापति जित प्रकाश आले जिल्ला समन्वय समितिको प्रमुख लगायत दर्जनौँ हाम्रा पार्टिका नेताहरुले शिलान्यास कार्यक्रममा सहभागी हुनलाई जानुभैरहेको अवस्थामा त्यहाँ कम्युनिष्ट पार्टिका कार्यकर्ता साथीहरु धन्न धन्दै १५० जाना भन्दा बढीको उपस्थितिमा दिनको १ बजे देखि बेलुका ५ बजे सम्म घेराबन्दी गरेर ६,७ वटा रुख ढालेर गाडी जान नदिने मान्छेलाई गाडी त्यहाँ राखेर पैदल हिडेर जान्छु भन्दाखेरीमा पनि त्यो कार्यक्रम स्थल शिलान्यास स्थलमा जान नदिएर रोक लगाएर आतङ्क मच्चाएर त्यहाँ बोत्तलहरु सिसाका बत्तलहरु ढुङ्गाहरु लगायतका हातहतियार सारा त्यहाँ लिएर उनीहरुले एउटा आतङ्कित त्रायिस बनाएर चार घण्टा पछि मात्रै त्यहाँ उपस्थित हुने वातावरण सिर्जना भयो र त्यस अवस्थामा प्रशासनलाई हामीले जानकारी गरायौँ र प्रशासनबाट पनि कुनै खालको सहयोग नपाएकोले गर्दाखेरीमा यस दुःखद

घटना प्रति म खेद व्यक्त गर्न चाहन्छु । प्रदेश सरकार र प्रदेश सभाको ध्यान आकर्षण गराउँन चाहन्छु र वास्तवमा आज संविधानले व्यवस्था गरे अनुसारबाट हामीले हिडडुल गर्न पाउने हाम्रो स्वतन्त्र अधिकारलाई बन्चित गर्ने खालको घटनाले हामी सिङ्गो प्रदेशवासीलाई नै दुःखित तुल्याएको छ । त्यसले गर्दाखेरीमा म प्रदेश सरकारको ध्यान आकर्षण गराउँन चाहन्छु । आज यो गुण्डागर्दी शैलीले यो हाम्रो लोकतन्त्रलाई कता लान खोजिराखेको छ र अस्ति भर्खरै मात्रै नेपालगञ्जमा हाम्रो पार्टी सभापति किरण कोइरालालाई आफ्नो कार्यक्रमको शिलशिलामा हात भाच्चिएको अवस्था छ भने प्रत्येक नागरिकहरुलाई हिडडुलबाट रोक लगाउने खालका अवस्थाहरु सिर्जना हुन थालेको छ त्यसले गर्दाखेरीमा कतै हामीले ल्याएको यो व्यवस्था र संविधानले गरेको व्यवस्थालाई नै उल्लङ्घन गर्दै गएको अवस्थाले गर्दा धेरै चिन्तित तुल्याएको छ । की हामीले यो संविधानको धारा १७ लाई स्वतन्त्रको हकको धारालाई हामीले खारेज गर्नपर्‍यो । यदि कार्यान्वयन गर्ने हो भने राज्यले यस्ता खालका गतिविधि नियन्त्रण गर्न पर्‍यो र यस्ता खालका गुण्डागर्दी शैलीको अन्त्य गरेर जनतालाई शान्ति सुरक्षा र हिडडुल गर्ने अवसरहरु प्रदान गर्नको लागि प्रदेश सरकार र प्रदेश सभालाई ध्यान आकर्षण गर्दै आगामी दिनमा यस्ता खालका घटनाहरु नदोहोरिने र नदोहोर्‍याउनका लागि अनुरोध गर्दै शान्ति सुरक्षा कायम गर्नको लागि प्रदेश सरकार र यस सदनलाई अनुरोध गर्दै आफ्नो भनाई अन्त गर्छु । धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापालाई सभामा शून्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्न अनुमति दिन्छु ।

## माननीय भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापा

माननीय सभामुख महोदय, यस सम्मानित सदनको विशेष समय र शून्य समयमा हाम्रो मन्त्रालयसंग सम्बन्धित विषयमा उठेका प्रश्नहरुको बारेमा संक्षिप्त जवाफ प्रस्तुत गर्न चाहन्छु । सभामुख महोदय, प्रथमत रासायनिक मल अभाव भएको विषयमा सदनमा प्रश्न उठेको छ । नेपालमा ७ लाख मेट्रिक टन भन्दा बढी रासायनिक पदार्थको रासायनिक मलको आवश्यकता पर्दछ । रासायनिक मल मागको जम्मा ४०% मात्र नेपाल सरकारको अनुदानबाट आपूर्ति हुने व्यवस्था छ। नेपालमा रासायनिक मल निर्माण कारखाना नहुँदा विदेशबाट आयात गर्नुपर्ने अवस्था रहिआएको छ । हाल कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेनिङ मार्फत वितरण हुने मल वितरण गर्ने जिम्मेवारी संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा पर्दछ । हाम्रो मन्त्रालयको तर्फबाट कृषि ज्ञानकेन्द्रहरुबाट सम्बन्धित सहकारीलाई सिफारिस गरी सो आधारमा ल्याउने गरिएको छ । यो भन्दा अगाडि असार  श्रावणमा मल आपूर्ति भएको थियो भने हिउँदे सिजनको लागि वितरण हुने मल १, २ दिनमै भारतको कोलकत्ता सम्म आउने र दशैं तिहारको बिचमा पुनः मलको आपूर्ति हुने कुरा जानकारी गराउन चाहन्छु । यस आर्थिक वर्षमा कृषि सामाग्रि कम्पनि लिमिटेडमा सम्मिलित मल मुरली मेशिन नहुँदा हामीलाई समस्या परेको हुनाले संघीय सरकारबाट मेशिन जडान गर्ने कुरा आएको छ । त्यस पश्चात भने हामीलाई मलको आपूर्ति सहज हुने देखिन्छ । अर्को छ यस वर्षको दशैं तिहारको लागि म्याग्दी हुँदै भित्रिएका भेडा तथा च्याङ्ग्राका सम्बन्धमा यो सम्बन्धमा भदौ २९ गतेदेखि असोल ११ गते सम्म म्याग्दीको बेनी मार्फत जम्मा १५,५३५वटा भेडा तथा च्याङ्ग्रा पोखरा तर्फ  भित्रेको रेकर्ड कायम भएको छ । पशु स्वास्थ्यको अवस्था हेरिकन भेटनरी प्रमाणपत्र जारी गर्नका लागि हाम्रो मन्त्रालयबाट ३ जाना प्राविधिकहरु खटाइएको थियो र अहिले पनि कार्यरत हुनुहुन्छ । केही भेडा च्याङ्ग्रा मुगु र डोल्पाबाट समेत आएका छन् । जिल्ला प्रशासन कार्यालय मुस्ताङबाट त्यहाँको प्रशासन कार्यालयबाट ज्युदो च्याङ्ग्राको प्रति किलो तौल ५६० कायम गरेको छ । यो जानकारी मैले

यहाँ दिन चाहें । मन्त्रालयको कार्यक्रमको सम्बन्धमा यस मन्त्रालयको मातहतका निकायबाट सञ्चालन हुने चालु आ।व। का विभिन्न कार्यक्रमहरुको प्रस्तावहरु जिल्लास्थित ज्ञानकेन्द्र, विज्ञकेन्द्र, फार्मकेन्द्र, निर्देशनालय र मन्त्रालयबाट संकलन भएका छन् । केही योजनाहरुको आवेदन नपरेका वा न्यून परेका कार्यक्रमको हकमा पुनः म्याद थपगरी सूचना जारी गरिएको छ । यो सम्बन्धमा कोल्ड स्टोर तथा कोल्ड रुम निर्माणका कार्यहरु, साना मोडेल फर्म कार्यहरु, साना सिन्चाई कृषि यान्त्रिकीकरण, ग्रिन हाउस निर्माण कार्य, घर घरमा प्राङ्गारिक मल उत्पादन कार्य, कृषि बन प्रणाली कार्य, कृषि बजार स्थापना र प्रशोधन केन्द्र जस्ता कार्यक्रमहरु सूचना बाहिर निस्किसकेको अवस्था छ । यसको सूचना समाप्त भै फिल्ड अध्ययनका क्रममा समेत रहेको छ जसमा गोरखामा २१४, लमजुङमा ११३, तनहुँमा १६१, स्याङजामा ४०५, पर्वतमा १००२, म्याग्दीको रिपोर्ट प्राप्त भएको छैन । निर्देशनालयमा ११, मन्त्रालयमा १४ गरेर १,९२० वटा कृषिसंग सम्बन्धित र मन्त्रालयसंग सम्बन्धित योजनाहरु आवेदनमा परेको छ । त्यस्तै पशुपंक्षी तथा मत्सय विकास निर्देशनालयसंग सम्बन्धित कार्यालयहरुबाट प्रशोधन तथा मत्स्य मोडेल फर्म फ्रेस हाउस सुधार दुग्ध चिस्यान केन्द्र पशु कल्याण प्रवर्द्धन कार्यक्रम पशु हाट बजार बजार केन्द्र स्थापना कोल्ड स्टोर निर्माण भनेको चिस्यान केन्द्र हो । डेरी पसल सुधार कार्यक्रम स्थानीय कुखुरा संरक्षण कार्यक्रम पशु आहारा यान्त्रिकीकरण र मुङ्रीबेसी चालिसे पशुपंक्षी तथा मत्स्य पकेट जस्ता कार्यक्रम कभर्ड हलमा गोरखामा २५१, लमजुङमा १८२, तनहुँमा ६४०, कास्कीमा १५५, स्याङजामा ३०५, बाग्लुङमा ३५८, म्याग्दीमा १३८, निर्देशनालयमा ३ वटा गरी जम्मा २,०३२ वटा आवेदनहरु संकलन भएको छ । यो अहिलेको यसपाली हामी अलिकति छिटो गतिमा सूचना आब्हान गरेर यो काम गरिएको छ अहिले सबैको फिल्ड भेरिफिकेशन गर्ने कार्यहरु गरिएको छ । योसंग सम्बन्धित अझै हामीले मन्त्रालयबाट सञ्चालन हुने मुख्यमन्त्री वातावरण कार्यक्रमको सन्दर्भमा हामीले कार्यक्रम व्यवस्थापन ईकाइ छड भएका र हुने नमुना कृषि गाउँको लागि विभिन्न कर्मचारीहरुलाई प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरे बमोजिम आर्थिक सामाजिक तथा उपभोक्ता समितिबाट प्राप्त हुने अनुरोध ३८ जाना सेवा करारमा लिई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ र सम्बन्धित कर्मचारीलाई कार्यक्षेत्रमा खटाईएको छ । स्थानीय तहका कृषि प्राविधिकहरुलाई क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ र म्याग्दी जिल्लामा चट्याङबाट क्षति भएका कुल ६१ भेडाको क्षतिको राहतको लागि प्रति भेडाहरु सात हजारका दरले खरिद भएको बिल भर्पाईका आधारमा प्रदान गर्नेगरी आकस्मिक सेवा टेवा कार्यक्रम पनि अहिले प्रदान गर्ने निर्णय गरिएको छ । कार्यविधिको संसोधनको बारेमा मन्त्रालयबाट कोल्डस्टोर, कृषि बजार, मोडेल फार्म, मुख्यमन्त्री वातावरण मैत्री नमूना कृषि गाउँ कार्यक्रम, साना सिञ्चाई प्रशोधन केन्द्र, टिस्युकल्चर, ल्याब, रेशम, मौरी, च्याउ, करार खेति, एक सहकारी एक उत्पादन, चक्लाबन्दी, सहकारी एकिकरण सम्बन्धी र मत्स्य विकास सम्बन्धिको कार्यविधि मन्त्रालयबाट संसोधन गरिएको छ । यो विगतमा बनेको कार्यविधि थियो र मन्त्रिपरिषद्बाट निर्माण गरिने कार्यहरु मन्त्रालयबाट हामीले ड्राफ्ट सम्पन्न गरिसकेका छौँ । स्याउ विशेष कार्यक्रम, कृषि वा पशुपंक्षी व्यवसायमा ब्याज अनुदान, जग्गा एकिकरण गरी बस्ति विकास कार्यक्रम, पाडी तथा बाच्छी हुर्काउने कार्यक्रम कार्यविधि पूर्ण खोप सुनिश्चित कार्यविधि कित्ता नापी नक्सामा सार्वजनिक जग्गा सार्वजनिक जग्गा बाटोको संरक्षण कार्यक्रम यो कार्यविधिहरु हामीले अर्थ तथा कानून मन्त्रालयमा सहमतिको लागि पेश गरेका छौँ । मन्त्रालयबाट जारी गरिने कार्यविधि को हकमा हामीले बिउ उत्पादन परिक्षण प्रसार बर्थ उड सर्टिफिकेशन बिउ आलु भण्डारण स्याउ बगैचा बिउ उत्पादन प्रशोधन अर्थमा समदुरीलाई पठाईएको छ । यो हामीले मन्त्रालय स्तरबाट कार्यविधि निर्माण गरिनेछ । बाली संरक्षणकोबाट हामीले प्रविधि प्रवर्द्धनमा परिक्षण सामुदायिक आईपिएम स्रोत नर्सरी तथा स्रोतकेन्द्र बाली उत्पादन प्रतिफल प्रोत्साहन माटो परिक्षण बाली उपचार शिविर ।।।तथा निर्देशिकाहरु हामीले मन्त्रालयबाट पारित गरी सम्बन्धित निकायहरुलाई हामीले पठाएका छौँ र हामीले सहकारी नियमावली प्रदेश सरकारबाट पारित गरिएको छ र एउटा कार्यविधि समेत हामीले पारित गरिएको छ । अब हामीले प्रदेश स्तरको सहकार्य हाम्रो रजिष्टर

कार्यालयबाट दर्ता प्रक्रिया शुरु हुन्छ । अब आगामी योजना सन्दर्भमा संकलन भएका प्रस्तावहरुको स्थलगत प्रमाणिकरण तथा सम्भाव्यता अध्ययन गर्ने चालु आ.व. का कार्यक्रमहरुको सहज र सरल सहज आवश्यक कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यविधि निर्देशिका तथा ऐन स्वीकृत गराउने यस मन्त्रालयबाट सञ्चालन हुने सबै खाले कार्यक्रम कार्यान्यनमा यहाँको इथिकलाई हामी राख्न चाहन्छौँ र कृषि नमुना अझ मुख्यमन्त्री नमुना वातावरण मैत्री गाउँ पनि हामीले ३६ वटा स्थान तय गरेर यो कार्यान्वनमा गैसकेको छ । यति जानकारी गराउँदै म माननीय सभामुख मार्फत मन्त्रालयलयले स्पष्ट पार्नै पर्ने विषयवस्तु बारेमा र मन्त्रालयको अहिले सम्मको गतिविधिको बारेमा यती कुरो राख्न चाहन्छु । हस त धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म, माननीय भौतिक पूर्बाधार विकास मन्त्री श्री रामशरण बस्नेतलाई सभामा शून्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएको आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरुलाई सम्बोधन गर्न अनुमति दिन्छु ।

## माननीय भौतिक पूर्बाधार विकास मन्त्री श्री रामशरण बस्नेत

माननीय सभामुख महोदय,  मिति २०७६ साल भाद्र ४ र ५ तथा असोजको ८ र ९ गते सम्मानित सभाको शून्य र विशेष समयमा भौतिक पूर्बाधार विकास मन्त्रालयसंग सम्बन्धित विषयमा माननीयज्यूहरुले उठाउनुभएका जिज्ञासाका सन्दर्भमा माननीय सभामुख मार्फत सम्मानित सभामा उठेका प्रश्नको जवाफ र केही आफ्ना भनाईहरु राख्न चाहन्छु ।

मुग्लिङ पोखरा सडक चार लाइनको बनाउन चार वर्ष लाग्ला तर अहिले लामेआहालको बाटो बनाउन पऱ्यो भन्ने सन्दर्भमा संघीय सरकार अन्तर्गतको सडक भएकोले सम्बन्धित कार्यालयलाई जानकारी गराईएको छ ।

1. छाब्दी मार्ग तनहुँमा डाईमण्ड कन्ट्रक्सनले असार २० मा सम्पन्न गरेको कालोपत्रे बेसमा अलकत्रा नराखी गरेको छ तर भुक्तानि भैसक्यो कसरी भन्ने सन्दर्भमा पूर्वाधार विकास कार्यालय कावासोतिका अनुसार त्यहाँ काममा केही समस्या आएको हो त्यसैले १ करोड १४ लाखको टेण्डर भएकोमा हाल सम्म ३८ लाखको मात्र भुक्तानि भएको र बाँकी भुक्तानि नगरिएकोले बाँकी काम छिटो सक्न निर्देशन दिईसकिएको जानकारी गराउन चाहन्छु ।
2. जेष्ठ नागरिकलाई यातायातमा छुट मिलाउन पऱ्यो भन्ने सन्दर्भमा जेष्ठ नागरिक ऐन २०६३ बमोजिम बनेको कार्यविधिले जेष्ठ नागरिकलाई सवारी साधनमा २ सिठ छुट्टाई त्यसमा ५०% भाडामा छुट दिने व्यवस्था गरेको छ। सम्बन्धित कार्यालयसंग बुझ्दा जेष्ठ नागरिकहरुले परिचयपत्र देखाएर छुट सुविधा लिईरहेको जानकारी गराउन चाहन्छु ।
3. अक्षेते दुधिया ताङराङ धमजा देउराली सडक जेठ असारमा बनेको २ महिना पनि टिकेन भन्ने सन्दर्भमा पूर्वाधार विकास कार्यालय पर्वतका अनुसार असार महिनामा परेको अबिरल वर्षाका कारण पहिरोले उक्त सडकमा निर्माण गरिएको टेवा पर्खाल भत्किएको निर्माण व्यवसायीलाई राम्रो अवस्थामा रहेको कामको मात्र भुक्तानि गरिएको र भत्किएको कामको भुक्तानि गरिएको छैन त्यसैले त्यस सडकमा ठेक्का अङ्कको ८०५ मात्र भुक्तानि भएको छ भने भुक्तानि भएको कामको त्रुटी सच्चाउने अवधि समेत यो असोज मसान्तसम्म रहेको जानकारी गराउन चाहन्छु ।
4. झुम्रा भम्जा ताङराङको मोटरवेल पुल यथाशिघ्र काम शुरु हुनुपर्यो भन्ने सन्दर्भमा पूर्वाधार विकास कार्यालय पर्वतका अनुसार निर्माण व्यवसायीसंग लामाबगर काठेखोला पुलको कामको लागि हालसालै सम्झौता भएकोले छिट्टै काम शुरु हुने अवस्थामा रहेको जानकारी गराउन चाहन्छु ।
5. मध्य पहाडी लोकमार्गको पोखरा बाग्लुङ सडकको काम ढिला सुस्ति भयो भन्ने सन्दर्भमा यो संघीय सरकार

अन्तर्गतको सडक भएकोले सम्बन्धित कार्यालयलाई यस विषयमा जानकारी गराईएको कुरो सम्मानित सभामा राख्न चाहन्छु ।

6. मोटरबाटो निर्माणको मापदण्ड कति हो कति घर छाडेर घर बनाउन मिल्ने हो सरकारको ध्यान जाओस भन्ने सन्दर्भमा विभिन्न सडक निर्माणका आ(आफ्नै मापदण्ड छन् जस्तोकी स्थानीय स्तरका सडक प्रादेशिक स्तरका सडक संघीय सरकार अन्तर्गतका सडक साथै महत्वपूर्ण रणनैतिक सडक जाहाँसम्म प्रादेशिक स्तरका सडकका लागि प्रादेशिक सडक मापदण्ड २०७५ बनाएर कार्यान्वयन गरेका छौँ जस्तै एक निर्वाचन एक सडक र प्रादेशिक सडक क वर्गका सडकहरुको हकमा नाला बाहेक सडक ७ मीटर हुनुपर्ने मापदण्ड छ भने घरनै बनाउन कति छाड्ने भन्ने सन्दर्भमा राष्ट्रिय मापदण्ड अनुरुप बिच सडकबाट दाँया र बाँया १५,१५ मीटर छाडेर मात्र घर बनाउन सकिने प्रावधान रहेकोले सोही मापदण्ड अनुरुप घर बनाउन सकिने कुरा यस सम्मानित सभामा राख्न चाहन्छु ।

7. विकास निर्माण योजनाको अनुगमन तथा निरिक्षण नगर्दा गुणस्तर कायम हुन सकेका छैनन् गुणस्तर कायम हुन सकेका छैनन् । अनुगमनमा जिल्ला समन्वय समितिको भूमिका हुनुपर्‍यो भन्ने सन्दर्भमा सम्बन्धित कार्यालयहरुबाट अनुगमन भैरहेको छ । जहाँसम्म अनुगमनमा जिल्ला समन्वय समितको भूमिकाको कुरो छ नेपालको संविधानको धारा २२० को उपधारा ७ ख बमोजिम विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने अधिकार क्षेत्र जिल्ला समन्वय समितिलाई दिएको कुरा माननीय सभामुख मार्फत सम्मानित सभामा राख्न चाहन्छु त्यसकारण त्यो धारा अनुरुप जिल्ला विकास समितिले स्वतह अनुगमन गर्ने व्यवस्था कानूनत गरिएको छ ।

8. जिरो किमी। देखि विन्ध्यवासिनी सम्मको बाटो फराकिलो भए पनि फिर्केको पुल साँघुरो भयो र काम ढिला भयो भन्ने सन्दर्भमा संघीय सरकार अन्तर्गत कार्य भए पनि त्यहाँ अहिले भैरहेको कामलाई छिटो गर्नका लागि सम्बन्धित कार्यालय मार्फत सम्बन्धित कार्यालयलाई अनुरोध गरिएको जानकारी गराउन चाहन्छु ।

9. यातायात व्यवसायीहरुले छोटो बाटोमा धैरै भाडा असुल गरेका छन् भन्ने सन्दर्भमा हाम्रो यातायात व्यवस्था कार्यालयबाट सम्बन्धित निकायका पदाधिकारी रहने गरी सवारी अनुगमन समिति मार्फत अनुगमन हुने गरेको छ भने यसरी बढी भाडा असुल भएकै बखतमा १०० नम्बरमा डायल गरेर प्रहरीमा जानकारी गराएमा त्यस उपर तुरुन्त कारवाही हुने व्यवस्था रहेको कुरो जानकारी गराउन चाहन्छु ।

10. पोखरा भित्रका सडकमा खाल्डै खाल्डा छन् त्यसलाई सबैको पहलमा टाल्नु पर्‍यो भन्ने सन्दर्भमा यस पटक बढी वर्षा भएकोले समस्या आएको हो तर मन्त्रालयले पोखरामा मात्र होईन सबै मुख्य आवत जावत हुने सडकहरुमा चाडपर्वलाई समेत मध्येनजर गरी छिटो भन्दा छिटो मर्मत सम्भार गर्नका लागि सम्बन्धित सडक डिभिजन कार्यालयहरु र पूर्वाधार विकास कार्यालयलाई निर्देशन दिईसकेको जानकारी माननीय सभामुख मार्फत सम्मानित सभामा जानकारी गराउन चाहन्छु । नेपालको भूगोलको बनोट त्यस्तो छ जाहाँ वर्षातसंगै बाढी पहिरो समस्या आउने गर्छन त्यसैलाई मध्येनजर गरेर हाम्रो सडक योजना कार्यान्वयन गर्दा विनियोजित बजेटको ५०% रकम यसको संरचना निर्माणमा खर्च गर्नुपर्ने कार्यविधिनै निर्माण गरेर काम हुन शुरु भएको छ यसले आगामी वर्षमा सडकमा वर्षातसंगै जाने पहिरोमा कमी आउनेछ । अघिल्लो आर्थिक वर्षका सडक लगायतका वहुवर्षिय योजनाहरु कार्यान्वयन भैरहेका र केही योजनाहरु पटक पटक सूचना प्रकाशित गर्दा पनि प्राविधिक दृष्टिकोणले छनौट हुन नसकेकोमा पुनः टेण्डर प्रक्रिया प्रकाशन प्रकाशन गरी अगाडि बढदैछन् । हामी चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको चरणमा छौँ बजेट विनियोजन भएका योजनाहरु धैरैको इस्टमेटको काम सकी पुनः भनेको टेण्डर प्रकाशन समेत भैसकेका छन् भने बाकी इस्टमेटको लागि प्राविधिकहरु फिल्डमा हुनुहुन्छ। माननीयज्यूहरुको क्षेत्रमा पर्ने योजनाहरुको कार्यान्वयनमा आवश्यक सहकार्य र सहयोगको अपेक्षा लिएको छु । योजना कार्यान्वयनमा को सत्तापक्ष को प्रतिपक्ष नभनि एकतावद्ध भएर लाग्न सकेमा प्रदेशको समृद्धिसंगै देशको समृद्धि हासिल गर्न सकिने छ भन्ने आशा गर्दै सबै माननीयज्यूलाई बजेट कार्यान्वयनमा एकता भएर लाग्न माननीय सभामुख मार्फत यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

अन्तमा नेपालीहरुका महान चाडपर्वहरु विजया दशमी, दिपावली, नेपाल सम्वत्, छठ लगायत विभिन्न चाडपर्वहरुको अवसरमा सबैमा सुख, शान्ति समृद्धि एवं सुस्वास्थको हार्दिक शुभकामना व्यक्त गर्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म, माननीय सामाजिक विकास मन्त्री श्री नरदेबी पुन मगरलाई सभामा शून्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयलाई सम्बोधन गर्न अनुमति दिन्छु ।

## माननीय सामाजिक विकास मन्त्री श्री नरदेबी पुन

माननीय सभामुख महोदय, विशेष गरी माननीय सदस्यज्यूहरुले यो भन्दा अगाडि गण्डकी प्रदेशमा डेङ्गोको प्रभाव बढ्दै गएको यसमा प्रदेश सरकारले के गरिरहेको छ भन्ने सवालमा माननीय सदस्यज्यूहरुले यो कुरा उठाउनु भएको थियो त्यसैले म यसैलाई यसैमा रहेर मैले आफ्ना  विचारहरु मन्त्रालयका विचारहरु राख्ने अनुमति चाहन्छु । विशेष गरिकन नेपालमा यो डेङ्गो डेङ्गोको शुरुवात नेपालमा २०६१ सालमा भएको हो । यो चितवनमा भेटिएको हो तर गण्डकी प्रदेशमा २०७२ साल देखि डेङ्गोको विरामी भेटिएको हो र यसमा एक एकजाना विरामी भेटिएको जुन ७२ देखि ७४ सम्म एक एकजाना विरामी भेटिएको र ७४/७५ मा एकैचोटी ५७१ जना गण्डकी प्रदेशमा डेङ्गोको विरामी भेटिएको छन् र अहिले गण्डकी प्रदेशमा २००० आश्विन १२ गते सम्मको कूल विरामी संख्या २३५५ रहेको छ र होल नेपालमा अहिले डेङ्गोबाट प्रभावित विरामीको संख्या ८३९१ रहेको कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहन्छु र यो पछिल्लो हप्ता यो महानगरपालिका र गण्डकी प्रदेश सरकारले जुन खालको अभियान सञ्चालन गर्‍यो त्यो अभियानमा माननीय सदस्यज्यूहरु माननीय मन्त्रीज्यूहरु र विभिन्न संघ संस्थालाई सहभागी बनाएर जुन वडाका सम्पूर्ण जनप्रतिनिधि साथीहरु जनताहरु सबैलाई परिचालित गरेर जुन खालको अभियान सञ्चालन गरेको छ त्यसपछी अहिले असोजदेखी असोज ४ गतेदेखी १२ गतेसम्म अघि यो असोजको १२ गतेसम्म दैनिक डेङ्गोको संख्या विरामीको संख्या १ दिनमा १११ जनाको दरले बढ्दै गएको थियो तर अहिले अहिले घटेर दैनिक ३४ जनाको दरमा रहेको कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहन्छु र डेङ्गो नियन्त्रणको लागि हामीले गरेका प्रयाशहरु२०७६।४।१६ गते देखि सूचना संकलन अस्पताल भिजिट तथा विरामीहरुसंग भेटघाट महानगरपालिका र अन्तर्गतका विभिन्न वडाहरुसंग समन्वय वैठक जनप्रतिनिधिहरु टोल विकास समितिसंग बैठक तथा अभिमुखीकरण अभिमुखिकरण पम्लेट तथा फ्लेक्स छपाई तथा वितरण स्वास्थ्य आपतकालिन सञ्चालन कार्यमा केन्द्रमा नियमित बैठक र सूचना संकलन पोखरा विश्विविद्यालयका ८० जाना विद्यार्थीहरुले विजयपुर खोलादेखि पूर्वपट्टीका ३७, ६७ वटा विद्यालयका विद्यार्थीहरु ६७ वटा विद्यालयमा ८० जना विद्यार्थीहरुले २ दिनको अभियान जनचेतनामूलक अभियान सञ्चालन गरेका छन् संगै यो हामीले शुरुमा हामीले कर्मचारी साथीहरुलाई सञ्चालन गर्‍यौ तर कर्मचारी साथीहरुलाई सञ्चालन गरिराख्दाखेरी यसको प्रभाव जस्तो ढङ्गले जानुपर्ने थियो त्यस्तो हुन नसकिसकेपछी हाम्रो प्रदेश सरकारको मुख्यमन्त्री माननीय पृथ्वी सुव्वा गुरुङको अध्यक्षतामा सामाजिक विकास मन्त्रालयले माननीय मन्त्रीज्यूहरु यो यही क्षेत्रका माननीय सदस्यज्यूहरु जनप्रतिनिधि साथीहरु सरोकारवाला सबैसंग एउटा बैठकको आयोजना गर्‍यो र त्यसले एउटा कार्ययोजना  बनायो सोही कार्ययोजना अनुसार अहिले विभिन्न वडाहरुमा त्यो कार्ययोजनामा हामीले दुईटा कुरा विशेष गरी फोकस गरेका थियौँ हप्तामा दुई दिन हरेक टोल विकासमा टोल टोलमा सफाई अभियान सञ्चालन गर्ने जनचेतनामूलक अभियान सञ्चालन गर्ने टायरहरु कवाडी

सेन्टरहरुलाई छानामुनी ल्याउने टायरहरुलाई हटाउने जस्ता कामहरु हामीले शुरुवात गऱ्यौँ । हामीले हप्तामा एकदिन सुख्खा दिनको रुपमा मनाउने गरी निर्णय गरेका थियौँ । सोही अनुसार आज पोखरा महानगरपालिकाको तेत्तिसै वडामा कर्यसञ्चालन भएको जानकारी यहाँहरुको बिचमा म गराउन चाहन्छु । संगै पोखरामा रहेका लायन्स क्लवहरुलाई पनि हामीले अनुरोध गर्यौ वहाँहरुलाई अभिमुखीकरण कार्यक्रम गर्यौ र वहाँहरु पनि अहिले विभिन्न वडामा परिचालित भएको जानकारी यहाँहरुको बिचमा म गराउन चाहन्छु ।संगै हामीले त्यो जुन सामाजिक विकास मन्त्रालयमा जुन बैठक राख्यौ त्यसमा मुख्यमन्त्रीज्यू अर्थमन्त्रीज्यू र पोखरा महानगरपालिकाको प्रमुखलाई अनुगमन गर्ने वहाँहरुले अनुगमन गर्ने जिम्मा लिनुभएको कुरा यहाँहरुको बिचमा म जानकारी गराउँन चाहन्छु । प्रकोप फैलिएका सबै जिल्लाहरुमा बैठक तथा व्यापक प्रचार प्रसार गर्नुका साथै सहज एण्ड रेस्क्यु गर्ने गरिएको कुरा जानकारी गराउन चाहन्छु । संगै एफ.एम. रेडियो पत्रपत्रिकामा डेङ्गो रोग सम्बन्धी  सूचना प्रसारण तथा सन्देश प्रकाशन गर्ने प्रसारण गर्ने काम गरी यहाँको विचमा म जानकारी गराउँन चाहन्छु । संगै हामीले डेङ्गो किट्स डेङ्गो टेष्ट  किट खरिद गर्न १५०० वटा हामी खरिद गरेका छौँ र यसको वितरण गरेको कुरा यहाँहरुको विचमा म जानकारी गराउन चाहन्छु र अहिले गण्डकी प्रदेश सरकारले यसलाई सहयोग गर्नको निम्ति रु. २१ लाख बजेट विनियोजन गरेको कुरा यहाँको विचमा म जानकारी गराउन चाहन्छु । यस कामको निरन्तरताको निम्ति सरकारी तथा निजी अस्पतालहरुसंग समन्वय बैठक पत्रकार अन्तरक्रिया कार्यक्रम संचालन भएको छ । स्वास्थ्यकर्मीहरुलाई डेङ्गो रोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । जनचेतनाका लागि नियमित माइकिङ्ग गरिएको छ जनचेतनामूलक व्यानर वडा कार्यालय स्वास्थ्य संस्था र चोकहरुमा टासिएको छ । विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन तथा निरन्तरता दिईएको छ । विभिन्न वडा तथा टोलहरुको नियमित निगरानी गरीएको छ । अस्पताल तथा अस्पतालमा भर्ना गरेका विरामीहरुको अनुगमन गर्ने काम गरिएको कुरा यहाँहरुको विचमा म जानकारी गराउँन चाहन्छु र जुन २१ लाख बजेट प्रदेश सरकारले निर्णय गरेको थियो त्यसलाई हामी जिल्ला जिल्लामा पनि विनियोजन गरेको कुरा यहाँहरुको विचमा म जानकारी गराउँन चाहन्छु संगै अहिले गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले जुन हाम्रो कार्यक्रम छ बजेट कार्यक्रमलाई कार्यविधि बनाउने अन्तिम चरणमा छ अब हामी आज र भोली भोलीभित्र  हामी यसलाई फाईल स्वीकृत गर्ने गर्न लागिरहेको कुरा यहाँहरुको विचमा  जानकारी गराउँदै अब छिट्टै सूचना प्रकाशन हुने र माननीय सदस्यज्यूहरुले सूचना प्रवाह गर्ने कुरा अरुलाई अनि यसको प्रचार प्रसार गर्ने कुरामा यहाँहरुको सहयोगको अपेक्षा सामाजिक विकास मन्त्रालयले गरेको कुरा जानकारी गराउँदै मैले आफ्ना भनाईलाई अन्त गर्न चाहन्छु। धन्यवाद् ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई सभामा सुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयलाई सम्बोधन गर्न अनुमति दिन्छु ।

## माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमान

माननीय सभामुख महोदय, यस सम्मानित सदनमा विगत दिनहरुमा हाम्रो प्रदेश सरकार र त्यसको आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिने क्रममा सर्वप्रथम हाम्रो मन्त्रालयको तर्फबाट भए गरेका केही महत्वपूर्ण विषयहरु जानकारी गराउँदै उठेका प्रश्नहरुको जवाफ दिनको निम्ति म यहाँ रोष्टममा उभिएको छु । सर्वप्रथम यो सम्मानित सदनको यो चौंथो अधिवेशन भोली यसको समापन हुदैंछ यस अवसरमा प्रदेश सरकारको तर्फबाट हामीले हाम्रो आवश्यकता अनुसारका विधेयकहरु सदनमा पेश गर्न पेश गर्न पेश गर्ने काम गर्यौं। त्यस सम्बन्धमा पछिल्लो चरणमा सुशासन विधेयक

पेश भयो तर अब त्यसलाई पारित गर्न सकिने स्थिति अब रहेन र प्रदेश सभामा नै प्रदेश सभा सचिवालय सम्बन्धी विधेयक पनि अब थातिनै रहन पुग्यो र संगै हामीले प्रदेश सञ्चार ऐन अन्तिम चरणमा पुऱ्याएका थियौँ त्यो पेश गर्ने क्रममै थियौँ र संगसंगै प्रदेश प्रहरी ऐनको पनि हामी अन्तिम चरणमै छौँ । यी दुवै विधेयकहरु लगायत प्रज्ञा प्रतिष्ठान सम्बन्धी सामाजिक विकास मन्त्रालयले तयार गरेको प्रज्ञा प्रतिष्ठान सम्बन्धी विधेयक पनि अन्तिम चरणमै थियो र त्यसलाई यो सदनमा पेश गर्न हामीले सकेनौँ र आगामी पाचौँ अधिवेशनको सन्दर्भमा त्यसको शुरुमै अर्थात त्यो शुरु हुनु अगावै यी विधेयकहरु दर्ता हुनेछन् यो मैले जानकारी गराउँन चाहन्छु । त्यसरी नै कानूनकै सन्दर्भमा स्थानीय तहमा कानून निर्माण प्रक्रिया र संगै कानून ड्राफ्ट गर्ने शिप, क्षमताको निम्ति हामीले प्रशिक्षण सञ्चालन गरेका थियौँ त्यस मध्ये गत वर्ष गत आर्थिक वर्षमा १२ वटा पालिकाको हामीले कानून ड्राफ्टिङ सम्बन्धी प्रशिक्षण सञ्चालन गरेका थियौँ भने देखि अहिले २४ वटा पालिकामा हामीले त्यो कार्यक्रम सम्पन्न गरेका छौँ ।त्यो मुख्य न्यायधिवक्ताको कार्यालयद्वारा त्यो आयोजित थियो र त्यसमा अब आन्तरिक मामिला तथा कानून मन्त्रालयको पनि त्यहाँ सहकार्यमा यो कार्यक्रम सम्पन्न भएपछि यसरी ८५ वटा गाउँपालीका मध्ये ३६वटा गाउँपालीकालाई अर्थात त्यहाँको जनशक्तिलाई कानून ड्राफ्ट गर्ने शिप सिकाउने काम हामीले सम्पन्न गरेका छौँ मैले यो जानकारी गराउन चाहे। त्यसरि नै विपद् जोखिम न्यूनिकरण सम्बन्धी हामीले अब त्यसको रणनैतिक योजना पनि बनाई राखेका छौँ त्यस समबन्धी त्यति महत्वपूर्ण कार्यक्रमहरु यो प्रदेशमा अब सम्पन्न भएका छन् र विपद्को पूर्व सूचना प्रणाली व्यवस्थित गर्नको निम्ति प्रदेश सरकार अगाडि बढीराखेको छ त्यस सम्बन्धी धैरै चरणका कार्यक्रमहरु सम्पन्न भएर अब कार्यान्वयनको चरणमा हामी प्रवेश गरिराखेको कुरा पनि सम्मानित सदन समक्ष जानकारी गराउँन चाहन्छु । त्यसरी नै लागू औषध सन्दर्भमा पनि लागू औषध नियन्त्रण सन्दर्भमा पनि अब जनचेतना लगायत अब लागू औषध नियन्त्रण गर्नको निम्ति उपकरणहरुको व्यवस्था गरेर गत वर्ष पनि हामीले केही उपकरणको व्यवस्था गरेका थियौँ र अब छिट्टै नै थप उपकरणको व्यवस्था गरेर यसलाई नियन्त्रण गर्ने प्रक्रियामा हामी अगाडि बढीराखेका छौँ । कारागार सुधारको सन्दर्भका पनि गत वर्ष हामीले खानेपानी अब शौचालय लगायतका सुधारका कामहरु गरेका थियौँ र अहिले अझ बृहत्तर रुपमा त्यो कामलाई अगाडि बढाई राखेका छौँ र संगै गत वर्ष हामीले १६ वटा चौकी र इलाका प्रहरी कार्यालय गरी १६ वटा निर्माण गर्ने भनेका थियौँ त्यो सम्भव भएन र अब त्यसको पनि अब हामीले प्रदेश प्रहरी मार्फत ।।।एउटा चौकीको निमित्त जग्गा प्राप्त भैसकेको छैन । १५वटाको काम अगाडि बढीराखेको कुरा पनि म यहाँ जानकारी गराउँन चाहन्छु। यति जानकारी गराईसकेपछी अब यहाँ उठेका प्रश्नहरुको सन्दर्भमा मैले केही जानकारी गराउन चाहन्छु । यस सन्दर्भमा खासगरी यो विपद्को घटनाको सन्दर्भमा गत यहि महिनाको ४ गते राती परेको अबिरल वर्षाका कारण म्याग्दी जिल्लाको बेनी नगरपालिका वाड नम्बर २ बरफाँटमा भएको क्षतिको सन्दर्भमा यहाँ प्रश्न उठेको थियो त्यस सन्दर्भमा दुईवटा बच्चा पार्वती परियारको दश वर्षिय छोरी प्रविना परियार र छ वर्षिय छोरी प्रविना परियार र अनिता परियार एकजाना दश वर्ष एकजाना छ वर्षको वेपत्ता भएको कुरा हामीलाई जानकारी प्राप्त भएको छ र त्यहाँ तिनवटा घर पूर्ण क्षति र चारवटा घर अर्धक्षति एउटा उच्च जोखिम भनेर हामीलाई जानकारी गराईएको छ र एउटा विद्यालयको विद्यालय क्षति हुन पुगेको हामीलाई जानकारी प्राप्त भएको छ र यस सन्दर्भमा तत्काल त्यहाँ हामीले गण्डकी प्रदेश सरकारले अब सबै जिल्लाहरुमा कम्तिमा पनि त्यो विपद्को निम्ति भनेर कम्तिमा पनि २०० वटा टेन्ट त्यहाँ स्टक रहनुपर्छ भन्ने नीति बनाएथ्यौँ र यदि छैन भने हामीले त २०० पुरा गर्नको निम्ति टेन्ट लैजान भनेर हरेक जिल्लालाई भनेका थियौँ त्यही अनुसार बाग्लुङमा सबै जिल्लाहरुमा बाग्लुङ म्याग्दी लगायतका सबै जिल्लाहरुमा बेलैमा टेन्ट पुगेका थिए र यसरी पूर्ण क्षति भएका परिवारलाई तिन तिनवटा टेन्ट र अरुलाई आवश्यकता अनुसार परिवार संख्या अनुसार त्यहाँ टेन्ट वितरण गरिएको र अन्य सामानहरु त्यहाँ वितरण भैसकेको छ । यो प्रमुख जिल्ला अधिकारी मार्फत र हामीले बेपत्ता भएका र अब घर क्षति भएको सन्दर्भमा हामी छिट्टैनै त्यो राहत त्यहाँ पुऱ्याउने प्रक्रिया

अपनाई राखेका छौँ । त्यसको निम्ति त्यहाँको सिडियो कार्यालयबाट प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट त्यसको आधिकारिक विवरण हाम्रो मन्त्रालयमा पेश भैनसकेको सामान्य विवरण मात्रै जानकारी मात्रै हामीलाई प्राप्त भएको र त्यसको निम्ति हामी छिट्टैनै त्यो राहत त्यहाँ पुऱ्याउने काम अगाडि बढाई राखेका छौँ । यस सन्दर्भमा घर पूर्ण क्षति भएको हकमा हामीले २५,००० अर्ध क्षति भएकोमा १५,००० र दुईजाना जो बेपत्ता छन् वहाँहरुलाई वहाँहरुको परिवारलाई पचास पचास हजारको दरले हामीले राहत वितरण गर्नेछौँ । यो प्रक्रिया अगाडि बढिसकेको कुरा पनि म यहाँ जानकारी गराउन चाहन्छु र त्यसरिनै अब यो शान्ति सुरक्षाको सन्दर्भमा शान्ति सुरक्षाको सन्दर्भमा अहिले सम्मका घटनाक्रम हेर्दा गण्डकी प्रदेशको स्थिति सामान्य रहेको म सम्मानित सदन समक्ष जानकारी गराउँन चाहन्छु र भर्खरै आजै यहाँ उठ्यो हिजो मात्रै तनहुँमा एउटा घटना घट्यो र पत्रपत्रिका यी आदिमा विभिन्न ढङ्गले त्यसका समाचारहरु आईराखेका छन् । यस सन्दर्भमा त्यो घटनालाई घटना के थियो र सुरक्षा सुरक्षा व्यवस्था कसरी त्यहाँ गरियो र कसरी त्यहाँ झडप हुनबाट जोगाईयो भन्ने सन्दर्भमा म त्यसको संक्षिप्तमा विवरण पेश गर्न चाहन्छु । पहिलो कुरा रिसिङ गाउँपालिकाको केन्द्र सन्दर्भमा पहिल्यैदेखि त्यहाँ विवाद चलिराख्या थियो । हिजो अर्थात दुई वर्ष अगावै स्थानीय तहको पुर्नसंरचना हुनुभन्दा अगाडि तनहुँ जिल्लामा सर्वदलिय बैठकबाट रिसिङ गाउँपालिकाको केन्द्र चालिसे वा ढुङ्गागाडे मध्ये एउटामा केन्द्र बनाउँदा ठीक हुन्छ भन्ने निर्णय भएको थियो त्यहाँ चालिसे वा ढुङ्गागाडे भनियाथ्यो त्यो चालिसे र ढुङ्गागाडे भनेको एकदम नजिक नजिक पर्ने ठाउँ हो चालिसे र ढुङ्गागाडे मध्ये जाहाँ जग्गा उपलब्ध हुन्छ त्यहाँ बनाउने भन्ने थियो पछि स्थानीय तह पुर्नसंरचना सिफारिस समिति जुन त्यतिबेलाको एल।डि।ओ।को अध्यक्षतामा बनेको थियो त्यो त्यो सिफारिस समितिको त्यो सर्वदलिय समितिको र त्यो सिफारिस समितिको पनि एउटा सदस्य म पनि थिए र त्यो त्यहाँको निर्णय पनि त्यही बन्याथ्यो चालिसे वा ढुङ्गागाडे मध्ये जाहाँ जग्गा उपलब्ध हुन्छ त्यो ठाउँमा नै केन्द्र बनाउनु पर्छ भनेर त्यतिबेला निर्णय भाकोथ्यो तर त्यो निर्णय गाउँपालिका कमिटीले गाउँपालिकाले त्यसलाई अस्वीकार गऱ्यो अर्थात तेलाई बदल्यो र पोखरी भञ्ज्याङ भन्ने ठाउँमा केन्द्र बनाउनु पर्छ भन्ने निर्णय गरेछ त्यसपछी त्यो निर्णय गरेको कुरा थाहा पाएपछि रिसिङ गाउँपालिकामा असन्तुष्टी अब पैदा भयो र त्यसको विरोधहरु हुन थाले विरोध त धेरै अगाडिदेखि भैराख्याथ्यो र त्यहाँ राजनैतिक पार्टीहरुको बिचमा सहमति गरेर सर्वदलिय सहमतिबाट त्यसको समस्या समाधान गर्नको निम्ति पनि पहल भएका हुन् तर त्यो त्यसको निष्कर्षमा पुगिराख्या थिएन त्यसै शिलशिलामा गाउँपालिकाले गाउँपालिकाको निर्णय अनुसार पोखरी भञ्ज्याङमै गाउँपालिका केन्द्रको निम्ति भवन शिलान्यास गर्ने भन्ने निर्णय गरेको भन्ने कुरा त्यहाँ सार्वजनिक भयो त्यसपछी त्यसको विरोध शुरु हुन थाल्यो र हिजो मात्रै हैन अस्तिको दिन त्यहाँ विरोध जुलुस मसाल जुलुस लगायतका मोटरसाईकल ऱ्याली आदि कुराहरु भएको र हिजोको दिन १२ गतेलाई रिसिङ बन्दको आव्हान त्यहाँका स्थानीय जनताहरुले गरेको यो कुरा हामीलाई थाहा थियो र त्यो स्थितिमा त्यो स्थितिमा त्यहाँ कुनै पनि बेला झडप हुन सक्ने सम्भावना थियो र हामीले के भन्यौँ भन्दाखेरी त्यो शिलान्यास कार्यक्रम स्थगित हुन पर्छ अहिलेलाई त्यो स्थगित गरौँ र राजनैतिक रुपमा छलफल गरेर राजनैतिक सहमति बनाएर मात्रै त्यसको शिलान्यास गरौँ भनेर अनुरोध गर्नुपर्छ भनेर हामीले भनेका थियौँ र त्यो अनुसार मैले पनि जिल्ला प्रशासन कार्यालय त्यसरी नै अनुरोध गर्नको निम्ति पनि भन्याथे । त्यहाँको राजनैतिक पार्टीलाई र त्यहाँको प्रशासनलाई र हिजोको दिन हिजोको दिन त्यो शिलान्यास गर्नको निम्ति नेपाली काङ्ग्रेसका नेता पूर्व मन्त्री माननीय मिनेन्द्र रिजाल त्यहाँ जादै हुनुहुन्छ भन्ने कुरो थाहा पाईसकेपछि वहाँलाई खैरेनीटारमै यो कुरा जानकारी गराउन त्यहाँ बन्दको आव्हान गरिएको छ त्यहाँ कुनै पनि बेला झडप हुन सक्छ घटना घट्न सक्छ त्यसकारण त्यो शिलान्यास कार्यक्रम स्थगित गर्न अनुरोध गर्नको निम्ति जिल्ला प्रशासन कार्यालय तपाईहरुले अनुरोध गर्नुस भनेर भनिएको थियो तर वहाँहरु हामी जसरी पनि जान्छौँ भनेर वहाँहरु अगाडि बढ्नुभाको कुरा जिल्ला प्रशासन कार्यालयले मलाई जानकारी गराएको थियो र पनि अन्तिम अवस्था सम्म पनि त्यो अगाडि बढ्दा

एकथरी जसरी पनि त्यो शिलान्यास कार्यक्रम त्यो जनताको विरुद्ध अर्थात जनताको मतको विरुद्धमा छ । हाम्रो हाम्रो हामी त्यसलाई स्वीकार्न सक्दैनौँ भनिराखेको अवस्था बन्दको आव्हान गरिराखेको अवस्था अर्कोथरी फेरी त्यहाँ जसरी पनि पुग्ने भनेर हठ गरिराखेको अवस्था त्यस्तो अवस्थामा त्यहाँ घटना घट्न सक्ने सम्भावना झन बढेर गएको अवस्थामा सुरक्षा पंक्तिलाई बिचमा बसेर कुनै पनि हालतमा त्यहाँ झडप हुन नदिन भिडन्त हुन नदिन निर्देशन गर्ने काम हामीले गरेका थियौँ । त्यही अनुसार त्यहाँ कुनै पनि झडप भएन कुनै पनि अब घटनाहरु नमिठो खालका घटनाहरु त्यहाँ हुन पाएनन् र त्यसरी ५ बजे सम्मलाई त्यो बन्दको आव्हान गरियाथ्यो ५ बजे बन्दकर्ताहरुले आन्दोलनको समापन गरेर फर्किए त्यसपछी यतापट्टी एउटा जो मिनेन्द्र रिजाल लगायतका माननीयहरु त्यहाँ जानुभएको थियो ५ बजे पछी वहाँहरु त्यहाँ शिलान्यास स्थलमा गएर शिलान्यास गरेको भन्ने कुरा सुन्नमा आएको छ । यसरी त्यो रिसिङको घटनालाई तेलाई त्यो झडपमा जुन घटना भयो त्यो प्रति त हामी पनि दुःख व्यक्त गर्छौं । म पनि दुःख व्यक्त गर्छु तर तेलाई तेलाई त्यो घटनालाई अझ तन्किन नदिन अझ बढ्न नदिन त्यसबाट नराम्रो स्थिति सिर्जना हुन नदिनको निम्ति सुरक्षा पंक्तिले धेरै मेहनत गरेको छ त्यसकारण सुरक्षा पंक्तिलाई हिजोको त्यो झडप हुनबाट बचाउने काम जुन सुरक्षा पंक्तिले गरेको छ त्यसको निम्ति म सुरक्षा पंक्तिलाई धन्यवाद दिन चाहन्छु र अब यसै सन्दर्भमा र अन्य मैले अघिनै भने अन्य सुरक्षा स्थिति अब सामान्य छ आज त्यहाँको अवस्था पनि अब सामान्य भएको कुरा पनि म जानकारी गराउन चाहन्छु र यो गत मैले ठ्याक्कै मिति भुले । यही सदनमा बेगनास ताल घटनाको गत वर्षको बेगनास तालको डुङ्गा दुर्घटनाको बारेमा प्रश्न उठ्याथ्यो । त्यो प्रश्न कसरी उठ्याथ्यो भन्दाखेरी मनोरञ्जन गर्नको लागि डुङ्गा चढेकाहरु दुर्घटना हुँदा उनिहरुले राहत पाउने बादर लखेट्न जाँदा लडेर मृत्यु भएको विपद्को परिभाषाभित्र नपर्ने भन्ने एउटा गुनासो यहाँ उठेको थियो । यस अन्तर्गत मैले यहाँ स्पष्ट मात्र पार्न चाहेको हुँ त्यो विगत गत वर्षको त्यो डुङ्गा दुर्घटना कुनै मनोरञ्जनको निम्ति डुङ्गा चढेर भएको थिएन तिजको बेला माईति खान गएका चेलीबेटीहरु सहितको त्यो डुङ्गा त्यो दुर्घटना भएको थियो र ८ जानाको त्यहाँ मृत्यु भएको थियो र हाम्रो मापदण्ड अनुसार त्यहाँ हरेक मृतकका परिवारलाई ५० हजार रुपियाँ दिने भन्ने कुरो ढिलोगरी निर्णय भएको कुरा मैले गत सदनमा जानकारी गराएको थिए र अर्को पनि मैले के स्पष्ट गऱ्याथे भन्दाखेरी अब विपद्को परिभाषा भित्र अब समेटिने कुराहरु हामीले सम्बोधन गर्न सकिने हो । अब बाँदर लखेट्न जाँदा भएको घट्ना अब विपद् भित्र नपर्ने कुरा मैले त्यति बेला पनि भन्याथे यदि हामी यो यो अधिकार सम्पन्न संसद हो यसले यो सदनले अब यस्ता घटनाहरु पनि विपद्मा परिभाषित गर्न सक्छ भने त्यतिबेला सम्बोधन गर्न सकिने कुरा भो अहिले सम्म तेलाई नसमेटेको हुनाले त्यसलाई सम्बोधन गर्न नसकेको त्यो बाग्लुङको बाँदर लखेट्न जाँदा जुन दुर्घटना भयो त्यसलाई सम्बोधन गर्न नसकिएको कुरा मैले यहाँ स्पष्ट गर्न चाहेँ । यति कुरा राखेर यो भोलि यो सदन समापन हुँदैछ आज बोल्ने मौका पऱ्यो त्यसकारण अन्तमा आउँदै गरेको २०७६ सालको महत्वपूर्ण राष्ट्रिय पर्वहरु दशैं, तिहार, छट, नेपाल सम्वत् इदको अवसरमा सम्बन्धित समुदायहरुका साथै सम्पूर्ण नेपाली बुवा आमा दिदी बहिनी दाजुभाईहरुमा गण्डकी प्रदेश सरकारको तर्फबाट साथै आन्तरिक मामिला तथा कानून मन्त्रालयको तर्फबाट सुख शान्ति समृद्धिको हार्दिक शुभकामना भन्दै आफ्नो भनाई यही टुङ्गयाउँछु । धन्यवाद् ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म मिति २०७५ साल माघ ८ गतेको सभाको बैठकमा प्रस्तुत भई २०७५ साल माघ १४ गते बसेको सभाको बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाईएको ‘‘प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक’’ को प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीलाई समय दिन्छु।

**माननीय श्री मोहन प्रसाद रेग्मी**

माननीय सभामुखज्यू, मिति २०७५साल माघ १४ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफाबार छलफलका लागि विधायन समितिमा पठाईएको प्रस्तुत ‘‘प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक’’ सम्बन्धमा छलफल गर्न मिति २०७५साल माघ १८ गते बैठक बसी २०७५ माघ २३गते सरोकारवालाहरुसंग अन्तरक्रिया समेत भै तत्काल विधायन समितिमा स्थगन रहेको उक्त विधेयकको सम्बन्धमा छलफल गर्न २०७६ साल असोज ९, १० र १२ गते समितिको बैठक बसेको थियो । समितिको बैठक समितिका माननीय सभापति मोहन प्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु आशा कोईराला, कृष्णचन्द्र नेपाली पोख्रेल, चन्द्रबहादुर बुढा, धनञ्जय दवाडी, धनमाया पोख्रेल लामा, पियारी थापा, पुष्पा के।सी। भण्डारी, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजिव पाहारी, ललितकला गुरुङ, विष्णुप्रसाद लामिछाने, सावित्रा राना, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान समेतको उपस्थिति रहेको थियो । यसैगरी समितिका विभिन्न बैठकहरुमा प्रदेश सरकारका माननीय मन्त्री मुख्य न्यायधिवक्ता एंव प्रदेश सचिवहरु एंव यातायातसंग सम्बन्धित सरोकारवालासंग संस्थागत प्रतिनिधि लगायतको राय सुझाव समेतलाई मध्यनजर गर्दै समितिमा छलफल भएको थियो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी व्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत विधेयकका सम्बन्धमा सर्वसम्मतबाट निर्णय भए बमोजिम प्रस्तुत प्रतिवेदन गण्डकी प्रदेश प्रदेश सभा नियमावलि २०७७ को नियम ११९ बमोजिम यस सम्बन्धित सभा समक्ष पेश गर्दछु ।

मोहन प्रसाद रेग्मी
सभापति
विधायन समिति

धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठकको २०७६ साल असोज १४ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।